प्रस्तावः मिति २०७९/०३/२२ गते बुधबार १२४ औं कार्यपालिका बैठक

१. अघिल्लो कार्यपालिका बैठक निर्णय समिक्षा सम्बन्धमा ।
२. समितिलाई पूर्णता दिने सम्बन्धमा ।
३. प्रेस संयोजक तथा कानूनी सल्लाहकार नियुक्त गर्ने सम्बन्धमा ।
४. कार्यविधि संशोधन सम्बन्धमा ।(न्यायिक समितिको बैठक सञ्चालन सम्बन्धी निर्देशिका २०७५)
५. जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
६. सिद्ध रत्ननाथ क्याम्पस नारायणपुरमा वन विज्ञान सञ्चालन सम्बन्धमा ।
७. चोक नामाकरण सम्बन्धमा ।
८. भूउपयोग ऐन २०७६ र भूउपयोग नियमावली २०७९ कार्यान्वयन सम्बन्धमा ।
९. मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार खर्च उपलब्ध गराउने कार्यविधि २०७८ कार्यान्वयन सम्बन्धमा ।
१०. सवारी चालकको करार सेवा सम्बन्धमा ।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा गरियो ।

**निर्णय नं. २**

२.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ को उपदफा (१) बमोजिम रहने राजश्व परामर्श समितिमा तपसिल बमोजिमका दुईजना कार्यपालिका सदस्य चयन गर्ने ।

**तपसिलः**

१. कमला परियार, कार्यपालिका सदस्य
२. विवेक बुढाथोकी, ५ नं. वडा अध्यक्ष

२.२ नगर विकास समिति ऐन २०४५ (केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७५ को दफा ४ को बमोजिम) गठन हुने नगर विकास समितिमा दफा ४.२ को ४.२.५ बमोजिम नगर कार्यपालिकाका सदस्य मध्येबाट रहने तीन जना र सोही दफाको ४.२.६ बमोजिम स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आएका समाजसेवीहरु मध्येबाट कार्यपालिकाले मनोनीत गरेका एक जना महिला सहित दुई जना सदस्यहरुमा तपसिल बमोजिमका सदस्यहरु चयन गर्ने ।

**तपसिलः**

**कार्यापालिका सदस्यज्यूहरु**

१. भानसिं बुढा, १४ नं. वडा अध्यक्ष
२. भरतमणी अर्याल, १८ नं. वडा अध्यक्ष
३. जितेन्द्र शाह, ८ नं. वडा अध्यक्ष

**कार्यपालिकाबाट मनोनीत स्थानीय समाजसेवी**

१. मोहन आचार्य
२. रेखा के.सी.

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको संचार माध्यम सम्बन्ध, प्रबन्ध र व्यवस्थापन, संयोजन लगायतका मिडिया म्यानेजमेन्ट कार्यका साथै नगरप्रमुख श्री नरुलाल चौधरीको सञ्चार सम्बन्ध प्रभावकारी बनाउनको लागि घोराही उपमहानगरपालिकाको प्रेस संयोजकको रुपमा श्री निमबहादुर घर्ति (निमु संगम घर्ति) लाई नियुक्ति गर्ने र कानूनी सल्लाहकारको रुपमा अधिवक्ता श्री भुप बहादुर के.सी.लाई नियुक्त गर्ने । साथै उहाँहरुलाई अधिकृतस्तर छैटौं सरह तलब सुविधा उपलब्ध गराउने ।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको न्यायीक समितिको बैठक सञ्चालन सम्बन्धी निर्देशिका २०७५को परिच्छेद ४ को दफा ९ मा मेलमिलापकर्तालाई मेलमिलाप गराउँदा खाजा खर्च वापत प्रतिदिन रु. २०० प्रति व्यक्ति उपलब्ध गराउन सकिनेछ भन्ने उल्लेख भएकोमा सो संशोधन गरी खाजा खर्च वापतको रकम रु. ३००।– कायम गरी कार्यविधिको दोस्रो संशोधन प्रस्ताव २०७९ पारित गर्ने ।

**निर्णय नं. ५**

५.१ घोराही उपमहानगरपालिकाको वडा नं. १२ स्थित स्यानी बगिया टोलमा पर्ने कित्ता नं.१५७ को अन्दाजी ४ कठ्ठा क्षेत्रफल रहेको जग्गामा पूर्व वामपन्थी नेता स्व. शिवराज गौतमको सम्झनामा सार्वजनिक सभाहल र पार्क निर्माणका लागि जग्गा उपलब्ध गराइदिनुहुन भनि १२ नं. वडा कार्यालयको च.नं. ३२०५, मिति २०७९।०३।१७ गतेको सिफारिस पत्रसाथ मिति २०७९।०३।१७ गते बसेको वडा समितिको निर्णय सहित अनुरोध भई आएकोले उक्त जग्गामा निर्मित संरचना वडा कार्यालयको स्वामित्वमा रहने गरी सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनीति २०७१ बमोजिम उपलब्ध गराउन सम्बन्धीत निकायमा सिफारिस गर्ने ।

५.२ घोराही उपमहानगरपालका वडा नं. ५ को वडा कार्यालय, प्रहरी चौकी भवन निर्माणका लागि मिलन टोल (गौरीगाउँ) स्थित बबई महिला सामुदायिक वनको नाममा रहेको (दामोदर सडकदेखि दक्षिण, जनसेवा सामुदायिक वनको सिमानादेखि उत्तर, बबई महिला सामुदायिक वनको भवनदेखि पश्चिम, दामोदर सडकदेखि पूर्व) करिब ४ बिगाहा क्षेत्रफल जग्गा घोराही उपमहानगरपालिकाको वडा कार्यालयको नाममा दर्ता प्रक्रिया अगाडि बढाउने सम्बन्धमा बबई महिला सामुदायिक वनको मिति २०७९।०३।११ गते बसेको बैठकले समेत उक्त जग्गा वडा कार्यालयलाई उपलब्ध गराउने भनि सर्वसम्मत निर्णय गरेको हुँदा उक्त जग्गा सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनिति २०७१ बमोजिम उपलब्ध गराउन सम्बन्धीत निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिका वडा नं. १० स्थित सिद्ध रत्ननाथ क्याम्पस नारायणपुर दाङमा स्नातक तहको वन विज्ञान सञ्चालनका लागि घोराही उपमहानगरपालिकाबाट शैक्षिक तथा भौतिक पूर्वाधारमा लगानी गर्ने प्रतिवद्धताका लागि सिद्ध रत्ननाथ क्याम्पस नारायणपुरको च.नं. ११३, मिति २०७९।०३।२१ गतेको पत्रबाट प्रतिवद्धता तथा सिफारिस माग भई आएकोले उक्त क्याम्पसमा वन विज्ञान सञ्चालनका लागि शैक्षिक तथा भौतिक पूर्वाधारमा लगानी गर्ने प्रतिवद्धता सहितको सिफारिस सम्बन्धीत निकायमा गर्ने ।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका वडा नं. १६ बयरबटुवा टोलदेखि लक्ष्मी टोलको झंगहवा टोल जाने चोकलाई लक्षिन बुढा चोक नामाकरणका लागि लक्ष्मी टोल विकास संस्था र बयरबटुवा टोल विकास संस्थाको निर्णय सहित १६ नं. वडा कार्यालयको च.नं. ७८१५, मिति २०७८।१२।२८ गतेको सिफारिस पत्रसाथ चोक नामाकरणका लागि अनुरोध भई आएकोले उक्त स्थानलाई लक्षिन बुढा चोक नाममाकरण गर्ने ।

**निर्णय नं. ८**

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. १६४० मिति २०७९।०२।२७ गतेको पत्रबाट नेपाल सरकार (माननीय मन्त्रीस्तर)बाट मिति २०७९।०२।२७ मा भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ मा भएको व्यवस्था कार्यान्वयन सम्बन्धमा स्थानीय भूउपयोग परिषदले अर्को मापदण्ड निर्धारण नगरेसम्म घोराही उपमहानगरपालिकाको मिति २०७५।१२।२५ गते बसेको नगर कार्यपालिकाको ५३औं बैठकबाट यस उपमहानगरपालिका क्षेत्रभित्र कृषि र बसोबास क्षेत्रको मापदण्ड तोके बमोजिम हुनेगरी सम्बन्धीत सबैमा जानकारी गराउने । साथै यस उपमहानगरपालिकाको स्थानीय भूउपयोग परिषदलाई सहयोग पुर्याउन स्थानीय भूउपयोग ऐन २०७६ को दफा २० बमोजिमको भूउपयोग कार्यान्वयन समिति गठन गर्ने र समितिले एक महिना भित्र भूउपयोग परिषदमा अध्ययन प्रतिवेदन पेश गर्ने ।

(क) नगर प्रमुख — अध्यक्ष
(ख) सम्बन्धीत वडाका वडा अध्यक्ष — सदस्य
(ग) स्थानीय तहका कृषि, वन, भूमि, सहकारी विकास र भौतिक पूर्वाधारसँग सम्बन्धीत शाखा प्रमुख — सदस्य
(घ) द्रोण पाण्डे, सरोकारवाला — सदस्य
(ङ) चुडामणी सुवेदी, सरोकारवाला — सदस्य
(च) प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

समितिले आवश्यकता अनुसार विषयगत कार्यालयलाई आमन्त्रण गरी सुझाव लिन सक्नेछ ।

**निर्णय नं. ९**

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोग भएका र मेरुदण्ड पक्षघात भएका बिरामीको औषधी उपचार लामो समयसम्म गर्नुपर्ने र खर्चिलो हुने हुँदा बिरामीलाई हुन जाने आर्थिक भार कम गर्न औषधी उपचार वापत खर्च उपलब्ध गराउने नेपाल सरकारको नीति कार्यान्वयनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ कार्यान्वयन गर्ने ।

**निर्णय नं. १०**

मिति २०७७।११।०६ गते बसेको ९९ औं कार्यपालिका बैठकको निर्णयबाट सवारी चालकतर्फका करार कर्मचारीलाई सवारी साधन जुनसुकै चलाएपनि उहाँहरुले प्राप्त गरेको लाइसेन्सका आधारमा करार सम्झौता गर्ने भन्ने निर्णय करार ऐन बमोजिम नमिलेको देखिएकोले हाल उहाँहरुले जुन वर्गीकरणको सवारी साधन चलाईरहनु भएको छ सोही अनुसार आगामी आ.व. २०७९/०८०देखि करार सेवा निरन्तरता गर्ने ।